# ओं मणिपद्मे हुं

– *हरिराम जोशी*

स्मृतिमा ल्याउन सुगम होओस् भन्नाका खातिर कुनै पनि धर्म, दर्शन आदिको गूढ सारहरू खिची गरिएको संक्षिप्ततम रचनालै मन्त्र नामले विख्यात छ। यसै कारणले सृष्टिको पहिलो बिहानीतिर ऋचाको रूपमा विश्वका प्राचीनतममध्येको बृहत् ग्रन्थ वेदको सृजना गरिएको छ। ऋग्वेदका सूक्तहरूमा सर्वप्रसिद्ध सूर्यसम्बन्धी गायत्री सूक्त रहेको छ। त्यस्तै प्रस्तुत षडक्षरी मन्त्र महायान बौद्धजगत्को एक सुप्रसिद्ध मन्त्र मानिन्छ। वाल्मीकिले "राम" मन्त्रको निरन्तर जपद्वारा आफ्नो व्याधाजीवनमा गरेका पाप मोचन गरे जस्तै महायानजगत्का बौद्धमार्गीहरू यसको जति जति स्मरण गर्दै जान्छन् उति उति मनुष्यमा निहित पाप मोचन हुँदै गएर अन्तमा निर्वाण प्राप्त हुने विश्वास लिई उक्त मन्त्रअंकित मणि अविराम गतिले चक्रवत् घुमाइरहनु आफ्नो पावन कर्तव्य संठान्छन्। प्रणीमात्रको कल्याणको उद्देश्यले प्रेरित भई षडक्षरी मन्त्रलाई अत्यधिक मात्रामा प्रचार गर्ने हेतुले त्यसलाई प्रस्तरमा अंकित गराई ठाउं ठाउंमा प्रतिष्ठापन गर्दछन्। यसरी महायानजगत्मा षडक्षरी मन्त्रले ज्यादै महत्वपूर्ण प्रभाव स्थापित गर्न सकेको कुरा निश्चित छ।

महायान बौद्धधर्मको पूर्वरूप चारौं, पांचौं शताब्दी ई. पू. मै देखिएको थियो। त्यस समयदेखिनै अलौकिक बुद्धको कल्पना हुन लागेबाट उक्त तथ्यको पत्तो हुन्छ। दीर्घ निकाय ३२ सूत्तमा यक्ष र देवताहरूको संवाद बुद्धसित भएको वर्णन गरिएको छ। कथावस्तुका अनुसार वैपुल्यवादीहरू लौकिक बुद्धको अस्तित्वतकलाई इन्कार गर्दथे। (१) संघ न दान ग्रहण गर्दछ न त्यसलाई परिशुद्ध गर्दछ, न उपभोग गर्दछ न त्यसलाई दिनामा महाफल नै छ। (२) बुद्धलाई दान दिनामा महाफल छैन। न बुद्ध लोकमा आए न बुद्धले धर्मोपदेश गरे। (३) खास मतलबले मैथुनको सेवन गर्न सकिन्छ।" वैपुल्यवादको प्रसार प्रथम शताब्दी ई. पू. मै सिंहलद्विपमा पुगिसकेको थियो। अनि अन्धक औ वैपुल्यबादको सम्मिलित रूपको नाम महायान हुँदा महायान धर्मको प्रचार कममा कम प्रथम शताब्दी ई. पू. देखि राम्ररी भएको तर्था बौद्ध मन्त्रशास्त्रको विकासक्रममा १०० ई. पू. देखि ४०० ई. सम्मको धारणी मन्त्रकालमा अलौकिक बुद्धका सहायक आर्यावलोकितेश्वर आदि अलौकिक बोधिसत्वहरूको सृष्टि हुन लागेको थियो। ई. सन् ७९ को तक्षशिलाको रजताभिलेखमा बोधिसत्वको उल्लेख आएको छ। राहुलयात्रावलि २ भाग अनुसार लुम्बिनी उत्खननमा अनुमानित प्रथम शताब्दी ई. को बोधिसत्व अवलोकितेश्वरको एक सुन्दर मूर्ति प्राप्त भएको थियो। उत्तर प्राचीनकाल नेपालमा महायान बौद्ध धर्मको व्यापक प्रचार रहेको तथ्य तत्समयका बुद्ध एवं बोधिसत्वसम्बन्धी अनेकौं अभिलेख एवं मूर्तिहरूको प्राप्तिले थाहा हुन्छ। बोधिसत्वसम्बन्धी अभिलेख एवं मूर्तिहरूमा आर्यावलोकितेश्वरका मूर्ति एवं अभिलेखहरूको बहुतायत देखिएबाट आर्यावलोकितेश्वर त्यस समय ज्यादै लोकप्रिय बौद्धदेवता रहेको कुरा जानिन्छ। कुनै एक बिहारको नामनै आर्यावलोकितेश्वरको नाममा राखिएको कुरा गुप्त संवत् १८८ (५०७ ई.) को गुणैबर ताम्रलेखबाट विदित हुन्छ। आर्यावलोकितेश्वरका सुन्दर मूर्ति एवं चित्रहरू भारत एवं बोरोबुदुरमा पनि पाइएका छन्। अजन्तामा चित्रित पद्मपाणि अवलोकितेश्वर गुप्तकालीन भारतको एक सुन्दर चित्रकला मानिन्छ। त्यसमा चित्रकार बोधिसत्व अवलोकितेश्वरको वास्तवमा आदर्श–संसार प्राणीको दुःख एवं कैकगडामा उदासीन भइरहन सक्तैन– को चित्रण चित्रमा अभिव्यक्त गर्न सफल भएको छ। बोधिसत्व

बुद्धत्वप्राप्तिको अधिकारी भइसकेर पनि उपनिषदको सार सन्निहित रहेको गीताको शिक्षास्वरूप प्राणीमात्रको उद्धार नगरी उक्त आसनलाई ग्रहण नगर्ने प्रणशील महात्मा थिए। भगवद्गीताको "न त्वहं कामये राज्यं न स्वर्गं नापुनर्भवम्। कामये दुःखतप्तानां प्राणिनामार्तनाशनम्।" यस पंक्तिमा उपरोक्त शिक्षाको स्पष्ट चित्रण भेटिन्छ। भागवतमा वर्णित राजा रन्तिदेवको उद्धारमा पनि यहीनै भाव अभिव्यक्त भएको छ।

नकामयेहं गतिमीश्वरात्परामष्टर्द्धियुक्तामपुनर्भवं वा।
किर्ति प्रपद्ये खिलदेहमाजामन्तःस्थितो येन भवत्यदुःखाः॥
(भागवत)।

महायान धर्मको प्रारूपसंगै षडक्षरी मन्त्रका प्रणेता आर्यावलोकितेश्वरको कल्पना पनि हुन लागेको थियो। "ओं मणिपद्मे हुं" को रूपमा षडक्षरी मन्त्रले एक नयां अध्यायको सूत्रपात गरेर भगवान् नवद्वारयुत मनुष्यको शरीररूपी कमलमा अवस्थित हुने वैदिक सिद्धान्तको अनुमोदन गरेको छ। "पुण्डरीकं नवद्वारं त्रिभिर्गुणिभिरावृतम्। तस्मिन्यद्यक्षमात्मन्वत्तद्वै ब्रह्मविदो विदुः (अ. १०।८।४३)।

कमल हिलामै फुल्छ। त्यस्तै शरीरमा भगवान् रहने सत्यको उपरोक्त षडक्षरी मन्त्रले खुलासा गरेको छ। षडक्षरी मन्त्रको शाब्दिक एवं शास्वत अर्थ पद्ममै मणि अर्थात् ईश्वर रहने भन्ने हो। पद्मलाई यहाँ हृदयको रूपमा लिएर भगवान् मनुष्यहृदयमै रहने सत्यलाई दर्शाएको छ। अनि भगवान्को खोजी बाहिर बाहिर मात्र नगरेर मनुष्यले वास्तविक निर्वाणप्राप्तिको हेतु आफ्नै हृदयको अन्तस्तलभित्र गर्नु जरूरी छ। यहीनै उक्त षडक्षरी मन्त्रको वास्तविक आशय छ, सत्य पनि त्यहीनै छ। उपनिषद् ग्रन्थहरूले पनि यस सत्यको मुक्तकण्ठले वकालत गरेका छन्।
"अतः समुद्राः गिरयश्च सर्वेस्मात्स्पन्दन्ते सिन्धवः सर्वरूपाः।

अतश्च सर्वा ओषधयो रसाश्च येनैषभूतैस्तिष्ठते ह्यन्तरात्मा। ९।
पुरुष एवेदं विश्वं कर्म तपो ब्रह्म परामृतम्।
एतद्यो वेद निहितं गुहायां सोविद्याग्रन्थि विकिरतीह सौम्य। १०।
(मण्डुकोपनिषद्)।

एष देवो विश्वकर्मा महात्मा सदा जनानां हृदये सन्निविष्टः।
हृदा मनीषी मनसाभिक्लृप्तो य एतद्विदुरमृतास्ते भवन्ति।"
(श्वेताश्वतरोपनिषद्)॥

वेद एवं उपनिषद्का उपरोक्त पंक्तिहरूबाट षडक्षरी मन्त्रले दर्शाउन खोजेको जुन महान् आदर्श छ त्यसको प्राचीनतालाई स्पष्टयाएको छ। सम्पूर्ण प्राणीको कल्याणका लागि प्राणीमात्रकन हृदयासनमा अवस्थित ईस्सरीय, धम्म, यस, सिरी, काम, पयतन आदि षड्गुणयुत भगवान्को दर्शनमात्रले प्राणीको अमरत्व प्राप्त हुने हुँदा आर्यावलोकितेश्वर बोधिसत्व षडक्षरी मन्त्रको माध्यम प्राणीमात्रलाई स्वयंलाई चिन्ने प्रेरणा गर्दछन्। भगवान् बुद्धको आत्मविजय गर्ने व्यक्ति कसैबाट पनि अपराजेय हुने शिक्षामा पनि उक्त तथ्यकै झल्को भेटिन्छ।

"नेव देवो न गन्धब्बो न मारो सह ब्रह्मना।
जितं अपजितं कयिरा तथारुपस्स जन्तुनो।
(धम्मपद)

यसरी उपरोक्त सबै आधारहरूबाट षडक्षरी मन्त्रको महत्ता स्पष्टरूपले प्रदर्शित हुन्छ। प्रस्तुत मन्त्रका प्रणेता आर्यावलोकितेश्वर बोधिसत्व नेपालका हिन्दू, बौद्ध दुबै संप्रदायमा समानरूपले पूजनीय रहेर नेपालीमात्रको एकताका प्रतीक रहेका छन्। उही एक भगवान्लाई विभिन्न स्त्रीपुरुष नामले पुजिने हुंदा उनी साक्षात् ब्रह्मस्वरूप मानी ने. सं. ७९२ मा राजा श्रीनिवास मल्लले बुंगमतीमा प्रतिष्ठापन गरिएको अभिलेख ठीकै जंचतछ।

श्री लोकेश्वराय नमः
मत्स्येन्द्रं योगिनां मुख्याः शाक्ताः शक्ति वदन्ति यम्।
बौद्धा लोकेश्वरं तस्मै नमो ब्रह्मस्वरूपिणे।
नेपालाब्दे लोचनच्छिद्रसप्ते
श्रीपंचम्यां श्रीनिवासेन राज्ञा।
स्वर्णद्वारं स्थापितं तोरणेन
साद्धं श्रीमल्लोकनाथस्य गेहे।
(बुंगमतीको अभिलेख ने. सं. ७९२)।

स्त्री–पुरुष सबै देवताहरू एउटै देवतासित तादात्म्य राख्ने भएर सत्नै अद्वैत ब्रह्म मानिन्छन्। वैदिक दर्शन एवं

ओं मणिपद्मे हुँ



धर्मको निचोर यहीनै छ ।

त्वमग्ने अदितिर्देवदाशुषे त्वं होत्रा भारती वर्धसे गिरा ।
त्वमिला शतहिमासि दक्षसे त्वं वृत्रहा वसुपते सरस्वती ।

(ऋ. २।१।११।)

इन्द्रं मित्रं वरुणमग्निमाहुं ... ...
एकं सद्विप्रा बहुधा भवन्ति ।

(ऋ. १।१६४।४६)

आर्यावलोकितेश्वर मत्स्येन्द्रनाथ, करुणामय, बुङ्गद्यो आदि नामले नेपालमा विख्यात रहेका साथै तिनको केटी-हरूको जस्तै इहि (वेलविवाह) गर्ने तथा वासुदेव कृष्णको जस्तै तरुणीहरूसित रसिक जीवनमा भुल्ने परम्परा तथा अनुश्रुतिमा उनी अद्वैत ब्रह्मरूप मानिनु उपयुक्तनै लाग्दछ । त्यो ब्रह्मस्वरूप भगवान् प्राणीमात्रको वन्दनीय रहेर नेपाल राष्ट्रको द्योतकस्वरूप औ नेपालीमात्रको एकताको प्रतिमूर्ति छ ।

卐